# प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

## कृषि विकास निर्देशनालय

## कृषि ज्ञान केन्द्र, खोटाङ्ग

## प्रदेश नं .१

## प्रस्तावना आह्वान सम्वन्धी सूचना

### (प्रथम पटक प्रकाशित मिति :२०७७/०५/२८)

यस कार्यालयको चालु आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नको लागि यस खोटाङ्ग जिल्ला भित्रका ईच्छुक कृषक/ समुह/सहकारी/ फर्म/उद्यमीहरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७७/०६/११ गते) भित्र स्वीकृत कार्यविधि अनुसारको प्रस्ताव कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन सम्वन्धित सवैमा यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगेका र म्याद नाँघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | आयोजना/ क्रियाकलापहरुको विवरण | ईकाई | परिमाण | कूल स्वीकृत बजेट (रु. हजारमा) | साझेदारी रकम | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १. | मागमा आधारित कृषि कार्यक्रम | संख्या | ५ | २५० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| २. | कागती खेती मिसन कार्यक्रम | संख्या | ४ | १००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ३. | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | ६ | १८०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ४. | सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | संख्या | ५ | ५०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम | संख्या | ३ | ९०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ६. | अलैंची निजी नर्सरी स्थापना | संख्या | २ | १७० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ७. | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | संख्या | १ | १०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ८. | खेर गएका सार्वजानिक जग्गाहरुमा फलफुल खेती प्रवर्धन कार्यक्रम | संख्या | २ | ७०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ९. | रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि) | संख्या | २ | २०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १०. | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | २० | २००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| ११. | नमुना कृषि फार्म स्थापना सहयोग | संख्या | ६ | ४२०० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १२. | आलु भण्डारणको लागी रष्टिक स्टोर भण्डार निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा) | संख्या | २ | १००० | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |
| १३. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | १५० | १५७५ | कार्यविधि अनुसार, अधिकतम ७५ % | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी/ कम्पनी कृषि फर्म र उद्यमीहरु |

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

प्रस्ताव साथ संलग्न हुनु पर्ने कागजातहरु

- रु १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन।
- आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- PAN वा VAT दर्ता प्रमाण पत्रको प्रतिलिपी।
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
- कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको प्रस्तावित कार्ययोजना।
- कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजात (लालपुर्जा) को प्रतिलिपि।
- लिजमा लिएको जग्गाको हकमा १० वर्षे करारनामा वा सम्झौता पत्र ।कृषि बजार वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौतापत्र।
- प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संस्था /फर्म/ व्यवासाय दर्ता /नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- समुह/समिति/सहकारीको हकमा समितिको निर्णयको प्रतिलिपि।
- सम्वन्धीत विषयमा तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी।
- बैंक गारेन्टीको पत्र /संस्थाको खातामा भएको रकमको स्टेटमेन्ट।
- गत आ.व.को लेखा परिक्षण प्रतिवेदन।
- लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
- विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र।
- स्थानिय तहको कृषि विकास शाखाको सिफारिस पत्र।
- कार्यविधिमा उल्लेख भए अनुसारका थप आवश्यक कागजातहरु।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र खोटाङ्गको फोन नं. ०३६-४२०१३० वा कृषि अर्थ विज्ञ, श्री देवराज गुसा, मो. नं. ९८४०९९०५१६ मा सम्पर्क गर्न सक्नु हुनेछ।भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट **molmac.p1.gov.np** र कृषि ज्ञान केन्द्र खोटाङ नाम गरेको फेसबुक पेजबाट बाट पनि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ डाउनलोड गर्न सकिनेछ ।

नोटः नमूना आवेदन फारामको लागि कृषि ज्ञान केन्द्र, खोटाङमा सम्पर्क गन सक्नु हुने छ।

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

# प्रदेश सरकार
## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
## कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, खोटाङ्ग
## प्रदेश नं. १

**कृषक समुह, कृषि सहकारी, निजी कृषि फर्म/उद्यमी तथा व्यक्तीगत कृषक (एक वा एक भन्दा बढी) उपभोक्ताहरुलाई कृषि यान्त्रिकरण अनुदानको लागि प्रारम्भिक आवेदन पेश गर्ने १५ दिने सुचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०७७/०५/२८)

यस कार्यालयको आ.व. ०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि यन्त्र उपकरणहरु अनुदानमा वितरण कार्यक्रम रहेको हुँदा ईच्छुक कृषक समुह/कृषि सहकारी/निजी कृषि फर्म/उद्यमी तथा व्यक्तिगत कृषक (एक वा एक भन्दा बढी) हरुलाई यो सूचना प्रकाशित गरेको मितिले १५ दिन अर्थात मिति २०७७/०६/११ गते सम्म कार्यालय समयभित्र तपसिल अनुसारका आवश्यक सम्पूर्ण कागजातहरु आफैंले प्रमाणित गरी कार्यालयले उपलब्ध गराएको फर्मेट अनुसारको प्रस्तावना कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>संलग्न गर्नुपर्ने कागजातहरु-</u>

(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आएमा) को लागिः

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

३. लालपूर्जाको प्रतिलिपीः

३.१ खाद्यान्न वाली, तरकारी वाली, आलु वाली, फलफुल वाली आदिः तराईका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कट्ठा), पहाडका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा), उच्च पहाडका लागि ०.२५ हेक्टर (५ रोपनी वा ७.५ कट्ठा)

४. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ ।

५. आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

६. पालिकाको कृषि शाखाको सिफरिस पत्र।

७. विगत ३ वर्षमा यन्त्र उपकरणको लागि कतौ बाट पनि अनुदान नलिएको स्वघोषणा पत्र।

(ख) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समुह, निजी फर्म)

१.संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि

२.संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।

३.संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

४.गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

५.संस्थाको निर्णय प्रतिलिपि

६. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र

७.अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति

८. लालपूर्जाको प्रतिलिपीः

८.१ खाद्यान्न बाली, तरकारी बाली, आलु बाली, फलफुल बाली आदिः तराईका लागि ४ हेक्टर (८० रोपनी वा १२० कट्ठा), पहाडका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कट्ठा), उच्च पहाडका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा)

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

१०. पालिकाको कृषि शाखाको सिफरिस पत्र।

११. विगत ३ वर्षमा यन्त्र उपकरणको लागि कतौ बाट पनि अनुदान नलिएको स्वघोषणा पत्र।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र खोटाङ्गको फोन नं. ०३६-४२०१३० वा सम्पर्क व्यक्ति श्री देवराज गुप्ता, मो. नं. ९८४०९९०५१६ मा सम्पर्क गरि लिन सक्नु हुनेछ ।

हरि नारायण राई

नि. प्रमुख

Scanned with CamScanner

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, खोटाङ्ग
प्रदेश नं. १

# कार्यक्रम निरन्तरता सम्बन्धी सूचना !

## (प्रथम पटक प्रकाशित मितिः २०७७/०५/२८)

कृषि ज्ञान केन्द्र, खोटाङ्गको गत आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जिल्लास्तरमा अनुदानग्राही छनौट समितिबाट मिति २०७७/०१/२८ गते छनौट भई कोभिड-१९ को लकडाउनका कारण संचालन हुन नसकेका कार्यक्रमलाई यस आ.व. २०७७/७८ मा निरन्तरता दिईने भएको हुदा छनौटमा परेका तपसिलमा कृषि उद्यमी/कृषक समूह/ कृषि सहकारी/ कृषि विकास सम्बन्धि समिति लाई १५ दिन (अन्तिम मिति २०७७/०६/११ गते) भित्र कृषि ज्ञान केन्द्र खोटाङमा उल्लेखित कागजात सहित सम्झौता गर्न सम्पर्कमा आउनु हुन सुचित गरिन्छ।

तपसिलः

कार्यक्रमको नामः नमुना कृषि फार्म स्थापना सहयोग

| क्र.स. | छनौटमा परेको संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | चौतारी बहुउदेश्य कृषि फर्म | खोटेहाङ-६,इन्द्राणी पोखरी | रिना राई |

कार्यक्रमको नामः व्यवसायिक फलफुल बगैचा स्थापना सहयोग

| क्र.स. | छनौटमा परेको संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | ए.एण्ड.ए कृषि फर्म | दि.रु.म.न.पा-७ | मनोज कुमार राई |

कार्यक्रमको नामः कागति खेति मिसन कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | बरपिपल कृषि फर्म | साकेला गा.पा.-४ | गोपि खड्का |
| २ | कोठे बारी कृषक समुह | खोटेहाङ-४ | कल्पना राई |

कार्यक्रमको नामः अलैची सुकाउने सुधारिएको भट्टि निर्माण सहयोग कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | आधुनिक नगदेवाली कृषि फर्म | दि.चु.गा.पा-५, पञ्चमि | मुकेश गौलाल |
| २ | मन्दिप राई | केपिलासगढी गा.पा-३ | मन्दिप राई |
| ३ | थुम्की हरियालि कृषि फर्म | खोटेहाङ-६ | कोपिला खत्री |
| ४ | नेचर गिफ्ट एग्रो प्रा.लि. | ऐसेलुखर्क गा.पा.-२ | ज्ञानेन्द्र कुमार राई |

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

कार्यक्रमको नामः रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम(कोदो, फाफर, जौ) आदि

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | होरसुङ्गछा वहुउद्धेशीय कृषि तथा पशुपालन फर्म | ह.तु.न.पा-५ | चक्र बहादुर राई |

कार्यक्रमको नामः युवा लक्षित च्याउ मैरी तरकारी उत्पादन कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | थर्पु धान खेती कृषक समूह | दि.रु.म.न.पा.-९ | सर्बजीत राई |
| २ | कोलेवारी कृषि सहकारी संस्था लि. | दि.रु.म.न.पा.-१ | गोपाल चन्द्र आर्चाय |
| ३ | शम्भुराज राई | केपिलासगढी गा.पा-३ | शम्भुराज राई |

कार्यक्रमको नामः कृषि बजार तथा संकलन केन्द्र निर्माण

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | जनसेवा बचत तथा ऋण सहकारी संस्था लि. | दि.रु.म.न.पा.-१२ | धुर्व श्रेष्ठ |

कार्यक्रमको नामः मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | डाडाँगाऊ प्रगतिशील कृषक समूह | दि.रु.म.न.पा.-२ | राज कुमार राई |

कार्यक्रमको नामः चैते धान विशेष सहयोग कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | कुमार राई | दि.चु.गा.पा-७ | कुमार राई |

कार्यक्रमको नामः प्राङगारिक कृषि प्रवर्द्धर्न अभियान कार्यक्रम

| क्र.स. | छनौटमा परेको समूह/संस्था/कृषकको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम |
|---|---|---|---|
| १ | खोटाङ कृषि फर्म | दि.रु.म.न.पा.-२, सोल्मा | गंगा बहादुर बि.क |

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतका ब्लक विकास कार्यक्रम निरन्तरताका लागि देहाय अनुसारको ६ वटा समितिवाट ५० प्रतिशत अनुदानमा कार्यक्रम संचालन हुने गरी १५ दिन (अन्तिम मिति २०७७/०६/११ गते) भित्र कृषि ज्ञान केन्द्र खोटाङमा निम्न उल्लेखित कागजात सहित सम्झौता गर्न सम्पर्कमा आउनु हुन सुचित गरिन्छ।

| क्र. सं. | ब्लक विकास समितिको नाम | ठेगाना | अधिकतम साझेदारी रकम रु.हजारमा | बालीहरु |
|---|---|---|---|---|
| १ | दिक्तेल किवि ब्लक सन्चालन समिति | दि.रु.म.न.पा | ११३५.०० | किवि |
| २ | स्वाँरा अलैची ब्लक संचालक समिति | केपिलासगढी गा.पा-१ | ११३५.०० | अलैची |
| ३ | आलु ब्लक सन्चालक समिति | खोटेहाङ गा.पा-२ | ११३५.०० | आलु |
| ४ | दिप्रुङ चुईचुम्मा सुन्तला ब्लक सन्चालक समिति | दिप्रुङ चुईचुम्मा गा.पा | ११३५.०० | सुन्तला |
| ५ | सुनपात्तल कफि ब्लक विकास समिति | बाराहपोखरी गा.पा | ११३५.०० | कफि |
| ६ | साकेला अर्गानिक आलु ब्लक संचालन समिति | साकेला गा.पा | ११३५.०० | आलु |

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

सम्झौता गर्न आउदा संलग्न गर्नु पर्ने कागजातहरुः

१. सम्झौताको लागि सम्बन्धित वडा कार्यालय र पालिकाको कृषि शाखाको सिफारिस पत्र।

२. सम्झौता गर्न आउने अधिकारिक व्यक्तिलाई सम्झौता गर्नका लागि समूह/फर्म/संस्था/समिति/सहकारीको अख्तियारनामा पत्र सहित निवेदन।

३. कार्यक्रम सम्झौता गर्ने निर्णयको प्रतिलिपी ।

४. विस्तृत कार्य योजना सहित लागत ईस्टिमेट (निर्माण कार्य भए सम्बन्धित प्राविधिकले तयार गरेको लागत ईस्टिमेट)।

थप जानकारीको लागि कृषि ज्ञान केन्द्र खोटाङको फोन नं. ०३६-४२०१३० वा कृषि अर्थ विज्ञ; देवराज गुप्ता सम्पर्क नं. ९८४०९९०५१६ मा सम्पर्क राख्न सक्नुहुने छ।

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner

# प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, खोटाङ्ग
# प्रदेश नं .१

## नयाँ ब्लक विकास कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति :२०७७/०५/२८)

कृषि ज्ञान केन्द्र खोटाङको चालु आ.व.२०७७/०७८ को प्रधामन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP) तर्फको बार्षिक स्वीकृत कार्यक्रम अनुसार खोटाङ जिल्ला भित्र उपयुक्तताको आधारमा विभिन्न बालीमा ब्लक कार्यक्रम संचालन गर्नु पर्ने भएको हुदा आवश्यक पूर्वाधारहरु भएका र ५० प्रतिशत लागत साझेदारीमा ब्लक कार्यक्रम संचालन गर्न इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/जलउपभोग्ता समिति/कृषि फर्म/कानुन बमोजिम दर्ता भएका कृषि उद्यमीहरुले देहाय बमोजिमका कागजातहरु संलग्न गरि यो सूचना प्रकाशन भएको मितिले १५ दिन (अन्तिम मिति २०७७/०६/११ गते) कार्यालय समय भित्र कृषि ज्ञान केन्द्र खोटाङमा आवेदन दर्ता गराउन हुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु दर्ता हुने छैन ।

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम |
|---|---|---|---|
| १ | नयाँ ब्लक विकास कार्यक्रम | ५ | बढीमा ५०% सम्म अनुदानवा प्रति ब्लक रु २५ लाख अनुदान |

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. रु.१० को हुलाक टिकट टाँस भएको निवेदन फाराम र विस्तृत प्रस्तावना ।
२. संस्था/समुह/सहकारी/समिति दर्ता, नबिकरण, गत आ.वको कर चुक्ता, PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. आवेदकको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
४. सहकारी संस्थाको हकमा गत आ.व. को लेखा परीक्षणको प्रमाणित प्रतिलिपि ।
५. कार्यक्रम संचालन हुने स्थलको जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि वा भाडाको जग्गा भएमा कम्तिमा १० बर्षको करारनामा।
६. ब्लक संचालन गरिने बाली, क्षेत्रफल र जग्गाको कित्ता नं. खुलेको विवरण ।
७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।
८. सम्वन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र।
९. ५० % लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।
१०. विगत ३ वर्षमा प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र ।

आवश्यक पूर्वाधार : बाली/वस्तुमा – न्यूनतम १०० हे. (२००० रोपनी) क्षेत्रफल, मौरीको हकमा- न्यूनतम ५००० घार, प्लाष्टिक घरमा गरिने खेतिको हकमा न्यूनतम १० हे.(२००रोपनी), कन्ये/गोब्रे च्याउको हकमा– न्यूनतम १०,००० के.जी. बीउ उपयोग हुने, सिताके च्याउको हकमा न्यूनतम १ लाख मुढामा गरिने।

नोटः बिगतका वर्षहरुमा ब्लक कार्यक्रम संचलन भएका स्थानहरुमा कार्यक्रम संचालन गरिने छैन ।
थप जानकारीको लागि कृषि ज्ञान केन्द्र खोटाङको फोन नं. ०३६-४२०१३० वा कृषि अर्थ विज्ञ; देवराज गुप्ता, सम्पर्क नं. ९८४०९९०५१६ मा सम्पर्क राख्न सक्नुहुने छ ।

हरि नारायण राई
नि. प्रमुख

Scanned with CamScanner